भवेश्वर पंगेनी । २०७३ । *शिक्षाको इतिहास : कीर्तिपुर क्षेत्रको इतिहास* । काठमाडौँ : शहीद स्मारक कलेज ।

नेपालमा शिक्षाको विकासको कुरा गर्दा कीर्तिपुरको नाम त्रिभुवन विश्वविद्यालय (त्रिवि) सँग जोडिएर आउँछ । शिक्षा क्षेत्रमा त्रिविसँगै कीर्तिपुरको पनि ठूलो योगदान रहेको पाइन्छ । त्रिवि स्थापनामा सक्रिय भएर लाग्नुको पछाडि यहाँका केही व्यक्तिहरूमा शिक्षाको चेतना जागिसकेको थियो भन्ने अर्थ लगाउन सकिन्छ । यस अर्थमा कीर्तिपुरको शैक्षिक इतिहासको विषय कीर्तिपुर र समग्र नेपालकै लागि पनि महत्त्वपूर्ण हुन्छ । प्रस्तुत पुस्तकमा भवेश्वर पंगेनीले विद्यालय शिक्षामा केन्द्रित भई कीर्तिपुरको शैक्षिक इतिहास खोतलेका छन् । पुस्तकले कीर्तिपुरमा राणा कालीन र त्यस पछिको समयमा खुलेका विद्यालयका साथै कीर्तिपुरको पहिलो कलेजबारे समेत ऐतिहासिक विवरण पस्केको छ ।

पुस्तकलाई लेखकले "नेपालमा शिक्षाको इतिहास," "कीर्तिपुरमा शिक्षाको इतिहास" (नयाँ शिक्षा योजनापूर्व : वि.सं. १९५७–२०२९), "कीर्तिपुरमा शिक्षाको इतिहास" (नयाँ शिक्षा योजनापछि : वि.सं. २०३०–२०७२), "कीर्तिपुरमा शिक्षाको इतिहास" (शहीद स्मारक कलेज), र "उपसंहार" गरी पाँच परिच्छेदमा विभाजन गरेका छन् ।

नेपालको शिक्षा इतिहासलाई केलाउँदा असोज २७, १९१० मा मात्रै औपचारिक शिक्षाको थालनी भएको पाइन्छ । शुरूमा राजपरिवार र राणा परिवारलाई मात्र सिकाउन स्थापित दरबार स्कूल थापाथली दरबारको गोल बैठकबाट शुरू भई रणोद्दीप सिंहले रानी पोखरी क्षेत्रमा सारेका थिए । त्यसले कलकत्ता विश्वविद्यालयबाट सम्बन्धन पनि प्राप्त गरेको थियो । त्योभन्दा अगाडि नेपालमा व्यक्तिगत रूपमा पण्डित राखेर आफ्ना सन्तानलाई पढाउने गरेको तथा कोही-कोही पण्डित आफैले घरमा अनौपचारिक रूपमा पढाइको व्यवस्था गरेका थिए । राणा कालको मध्यतिर सरकारी स्रोतबाटै विद्यालय खुल्न थालेको पाइन्छ भने त्यसैको अन्त्यतिर निजी क्षेत्रलाई पनि स्कूल खोल्न दिएको र विश्वविद्यालय खोल्ने पहल भएको लेखकले उल्लेख गरेका छन् ।

पुस्तकमा बताइए अनुसार कीर्तिपुरमा औपचारिक शिक्षा शुरू हुनुपूर्व शिक्षकको घरमै गएर पढ्ने, काठमाडौँ या पाटनमा डेरा गरी पढ्ने, र सम्पर्क हुनेले काठमाडौँबाटै शिक्षक झिकाएर पढ्ने गरेका थिए । म आफैले कीर्तिपुर पाँगा निवासी शंकर डंगोल र चन्द्रशेखर डंगोलसँग गरेको कुराकानीमा पनि उनीहरूले आफ्ना हजुरबुबा डिठ्ठा नरबहादुरलाई काठमाडौँबाट पाँगासम्म शिक्षक झिकाएर पढाइएको बताएका थिए । नरबहादुरका दाइ शिवनरसिंह डंगोल र भतिजी रत्नमाया डंगोल दरबारमा कार्यरत रहेकाले शिक्षाप्रति उनीहरू जागरुक थिए । त्यसैले, शिवनरसिंहले भाइ नरबहादुरको पढाइका लागि राणाहरूसँग अनुरोध गरेका थिए । त्यस्तै, कीर्तिपुरका केही व्यक्तिहरू सिंहदुवाल बस्ने शिवलाल श्रेष्ठको घरमा पढ्न जाने र साधारण लेखपढ गर्न जानेपछि पढाइको अभ्यासको लागि स्वस्थानीको कथा वाचन गराउने गर्थे ।

वि.सं. २००० तिर सरकारले कीर्तिपुर लगायत काठमाडौँ उपत्यकाका विभिन्न ठाउँमा भाषा पाठशाला शुरू गरेको थियो । त्यस ताका काठमाडौँको दक्षिण-पश्चिम भेगका थानकोटदेखि फर्पिङ सम्मका विद्यार्थीहरू कीर्तिपुरकै भाषा पाठशालामा अध्ययन गर्न आउने गरेको लेखकले उल्लेख गरेका छन् । यहाँका पण्डित चिरञ्जीवीप्रसाद पोखरेलले पढाएका विभिन्न व्यक्तिहरू सरकारका विभिन्न ओहदामा पुगेका सन्दर्भले कीर्तिपुरको शिक्षाले देशमा केही योगदान दिएको मान्न सकिन्छ ।

नयाँ शिक्षा योजना लागू हुनुअघि कीर्तिपुरमा थुप्रै विद्यालयको स्थापना भएको फेहरिस्त पुस्तकमा छ । सर्वप्रथम वि.सं. १९८८–१९८९ मा कीर्तिपुरको दक्षिणी भेग पाँगामा पाँगा पाठशाला स्थापना भएको थियो । सम्भवतः कीर्तिपुर क्षेत्रमा स्थापना भई दीगो रूप लिएको शिक्षण संस्था यही नै हो । त्यसपूर्व देव शमशेरको पालामा वि.सं. १९५७ मा कीर्तिपुरमा पाठशाला खुलेको भन्ने विवरण शिक्षा इतिहासमा पाइन्छ, तर त्यसको निरन्तरता नभएकोले त्यसको पुष्टि गर्ने आधार छैन । त्यसपछि वि.सं. २००४ मा कीर्तिपुर पाठशाला र पाँगामा जल विनायक आधार हाइ स्कूल स्थापना भएका थिए ।

हुन त पुस्तकमा कीर्तिपुर पाठशालाको स्थापना वि.सं. १९८३ मा नै भएको भनिए पनि सो जानकारी अपुष्ट छ । मेरो जानकारी अनुसार कीर्तिपुरमा पहिले नै पाठशाला थियो र त्यहाँ दहचोकका पं. सिग्देलले पढाउँथे । पछि आएर पाँगाको भाषा पाठशाला विभिन्न कारणले पाँगामा सञ्चालन गर्न नसक्ने भएपछि कीर्तिपुरमा गाभिन गएको देखिन्छ । राणा कालमा विद्यालय खोल्न सत्तासँग पहुँच हुनेले मात्र सक्ने भएकोले पाँगामा जल विनायक आधार हाइ स्कूल स्थापना हुन सकेको हो ।

वि.सं. २००७ मा प्रजातन्त्र स्थापना भएपछि कीर्तिपुरका विभिन्न ठाउँमा त्यहाँका बासिन्दाहरू विद्यालय खोल्नमा सक्रिय देखिन्थे । कीर्तिपुर भाषा पाठशालासँगै बाघ भैरवमा वि.सं. २००८ मा किरण मिडिल स्कूल स्थापना भएको देखिन्छ । यो स्थापनामा किरण शमशेरको संलग्नता थियो । धेरै पछिसम्म पनि मीनबहादुर प्रधानले किरण शमशेरबाट आर्थिक सहयोग ल्याएर शिक्षकहरूलाई तलब खुवाउने गरेको कुरा धेरै मानिसलाई थाहा छ । वि.सं. २००८ मा पाँगामा जनसेवा प्रौढ शिक्षालय स्थापना भएको देखिन्छ । यो स्थापनामा स्थानीय युवाहरूको सक्रियता देखिन्छ । यसरी पाँगा, कीर्तिपुर र चोभारमा एउटा-एउटा विद्यालय स्थापना भएपछि करिब एक दशकसम्म यहाँ थप विद्यालय खोलेको देखिएन ।

वि.सं. २०१७ देखि २०२२ सम्ममा कीर्तिपुरका सबै जसो बस्तीमा विद्यालय खोलेको देखिन्छ । यसलाई प्रतिस्पर्धात्मक अवधिको रूपमा लिन सकिन्छ । पुस्तकमा जनाइए अनुसार यो अवधिमा पूर्वी भेग टौदहमा टौदह राष्ट्रिय प्राथमिक विद्यालय र कीर्तिपुर डाँडाको पूर्वी भेग भाजंगलमा वैष्णवी प्राथमिक विद्यालय स्थापना भएको देखिन्छ । कीर्तिपुरको दक्षिण भेग नगाउँमा विद्याश्रम प्रा.वि. स्थापना भयो, जसबारे पुस्तकमा दुई फरक मिति (वि.सं. २०१२ र २०१८) उल्लेख छ । त्यस्तै, वि.सं २०१९ मा मंगल राष्ट्रिय प्राथमिक विद्यालय कीर्तिपुरको कुटुझोलमा स्थापना गरी चिलन्चो बहालमा सारेको देखिन्छ । वि.सं. २०२० मा बालकुमारी प्राथमिक विद्यालय र सोही वर्ष जनसेवा प्रौढ शिक्षालय पुनःस्थापना भएको थियो । वि.सं. २०२१ मा विश्व राष्ट्रिय प्राथमिक विद्यालय र वि.सं. २०२२ मा बाघ भैरव प्राथमिक विद्यालय स्थापना भएको उल्लेख छ ।

माध्यामिक शिक्षाको कुरा गर्दा वि.सं. २०२५ ताका पाँगामा एउटा मात्र हाइ स्कूल भएकोले कीर्तिपुरका मानिसहरू काठमाडौँ र पाटनका हाइ स्कूलमा पढ्न जान्थे र केही-केहीले मात्र जनसेवा प्रौढ स्कूलमा अध्ययन गर्दथे । यहाँका विद्यार्थीलाई काठमाडौँ र पाटनसम्म गएर अध्ययन गर्न अप्ठेरो हुने देखेर कीर्तिपुरका हिरानन्द जोशी, मिनबहादुर श्रेष्ठ, नीलकण्ठ अमात्य, सुन्दरगोपाल प्रधान, आदि मिलेर कीर्तिपुर माध्यमिक विद्यालय स्थापना गरेका लेखकले खुलाएका छन् ।

राष्ट्रिय शिक्षा पद्धति योजना (वि.सं. २०२८–२०३२) लागू भएपछि कीर्तिपुरको शिक्षा विकासले नयाँ मोड लिएको थियो । वि.सं. २०३० मा पाँगाको जल विनायक र जनसेवा

प्रौढ शिक्षालय गाभेर जनसेवा माध्यमिक विद्यालय नामकरण गरियो र कक्षा सातसम्म सञ्चालित कार्यक्रम स्वीकृत गरी प्रत्येक वर्ष एक-एक कक्षा थपिँदै माध्यमिक बनाउने योजना गरियो । त्यस्तै, कीर्तिपुर माध्यमिक विद्यालय, कीर्तिपुर भाषा पाठशाला, र किरण विद्यालयलाई गाभेर कीर्तिपुर माध्यमिक विद्यालय नामकरण गरियो, जहाँ कक्षा १० सम्मकै अध्ययन अध्यापन गर्ने गरी स्वीकृत गरियो । साथै, वि.सं. २०३८ मा गोरखनाथ प्राथमिक विद्यालय स्थापना भई पछि माध्यमिक स्तरसम्म कक्षा सञ्चालन भएको देखिन्छ ।

पुस्तकमा निजी विद्यालय स्थापनाका पृष्ठभूमि पनि समेटिएका छन् । शुरूमा कीर्तिपुर बाहिरका शिक्षाप्रेमीहरूले पहल गरेको लेखकले बताएका छन् । वि.सं. २०३७ मा सबभन्दा पहिले बाघभैरव मा.वि. स्थापना भएको उल्लेख छ भने त्यसपछि वि.सं. २०३८ मा कीर्तिपुर इंगलिश बोर्डिङ स्कूल र त्यसबाट अलग भएर वि.सं. २०४० मा पुष्प सदन आ.मा.वि. स्थापना भएको भनिएको छ । कीर्तिपुर इंगलिश बोर्डिङ स्कूलबाट पुष्प सदन आ.मा.वि. अलग भएपछि भने कीर्तिपुर इंगलिश बोर्डिङ स्कूल स्थानीय व्यक्तिहरूले नै सञ्चालन गरेका थिए । त्यस्तै, पाँगामा पनि स्थानीय शिक्षाप्रेमी रमेशमान महर्जनको पहलमा वि.सं. २०३८ मै पाँगा मा.वि. स्थापना भएको देखिन्छ । वि.सं. २०४४ मा पनि स्थानीय शिक्षाप्रेमीकै पहलमा उज्ज्वल शिशु निकेतन, वि.सं. २०४५ मा मेगस स्कूल र वि.सं. २०४९ मा हिलटाउन इन्टरनेशनल स्कूल स्थापना भएको उल्लेख छ । ग्रिन भिलेज सेकेन्डरी स्कूलको स्थापना भने कीर्तिपुर बाहिरका शिक्षाप्रेमीहरूबाट भएको देखिन्छ । पछिल्लो समयमा वि.सं. २०५५ मा पनि स्थानीय शिक्षा प्रेमीको सक्रियतामा राराहिल मेमोरियल स्कूल तथा स्थानीय र कीर्तिपुर बाहिरका शिक्षाप्रेमीको संयुक्त प्रयासमा वि.सं. २०६० मा क्रियटिभ एकेडेमी स्थापना भएको जानकारी पुस्तकमा छ ।

परिच्छेद चारमा कीर्तिपुरमा शिक्षाको इतिहास अन्तर्गत शहीद स्मारक कलेजको ऐतिहासिक विकासक्रमसँगै उपसंहार लेखी पुस्तकलाई टुङ्ग्याइएको छ ।

कीर्तिपुर क्षेत्रको शैक्षिक इतिहास लेखनको प्रयास लेखकको साहसिलो काम हो । यस्तो पुस्तक कीर्तिपुरका स्थानीय शिक्षाविद्हरूबाट लेखिनु पर्नेमा भवेश्वर पंगेनीबाट लेखिनु स्वागतयोग्य कुरा हो । विश्लेषणात्मक वा व्याख्यात्मक नभई विवरणात्मक प्रकृतिको भए पनि विभिन्न स्रोतबाट तथ्य संकलन गर्न सक्नु पुस्तक लेखनको मुख्य सबल पक्ष हो । प्राप्त तथ्यहरू—खास गरी विद्यालय स्वीकृति पत्र, नियुक्ति पत्र, शैक्षिक प्रमाण पत्र, प्रशंसा पत्र, विद्यालयको छाप, साइन बोर्ड, निवेदन, आदि—लाई स्क्यान गरेर प्रस्तुत गर्नुले इतिहासको प्राथमिक स्रोतको प्रयोग र त्यसको महत्त्वलाई झल्काएको छ । पाठकहरूलाई पुस्तकमा उल्लिखित तथ्यको परीक्षण गर्न अन्य स्रोतको खोजीमा भौंतारिनु पर्दैन ।

तथापि, पुस्तकमा लेखकका केही कमजोरी देखिन्छन् । तथ्य संकलनको क्रममा ५३ जना व्यक्तिसँग लेखकले अन्तर्वार्ता लिएको बताएका छन् । तीमध्ये १६ जना कार्यरत

प्रधानाध्यापक थिए जो भर्खरमात्र नियुक्त भएका थिए । अन्तर्वार्ता लिएकामध्ये १४ जना विद्यालय व्यवस्थापनसँग आबद्ध व्यक्तिहरू पनि थिए, जसको छनोटमा पनि लेखकले न्याय दिन सकेको देखिँदैन । माथि उदाहरण दिइए जस्तै, कुनै-कुनै विद्यालय स्थापना सम्बन्धी दुई फरक मितिलाई जस्ताको तस्तै राख्नुभन्दा थप व्यक्तिसँग कुराकानी गरी सही मितिको निक्र्योल गर्नुपर्ने थियो । त्यस्तै, उत्तरदाताले बोलेका कुरा नै साँचो हो भनी जस्ताको तस्तै प्रस्तुत गर्नुले लेखक समालोचनात्मक विश्लेषणमा चुकेको देखिन्छ । सात-आठ दशक अगाडिको तथ्य आधिकारिक स्रोतबाट नै प्राप्त गर्न सकिने सम्भावना भए तापनि त्यस्तो गरिएको पाइएन । पुस्तक पढ्दै जाँदा समग्र कीर्तिपुरको शैक्षिक इतिहासभन्दा पनि खास-खास विद्यालयको शैक्षिक इतिहास पढे जस्तो अनुभव हुन्छ । इतिहासले समेट्नुपर्ने उल्लेख्य घटनाहरूको क्रममा निरन्तरता भेटिँदैन ।

लेखकले सबै विद्यालयको ऐतिहासिक विकासक्रमको विवरण पस्किँदा न्याय गर्न सकेका छैनन् । कुनै विद्यालय स्थापनार्थ योगदान दिने सबै व्यक्तिहरूको नाम उल्लेख गरिएको छ भने कुनै विद्यालयको स्थापना र विकासमा योगदान दिने महत्त्वपूर्ण व्यक्तिहरूकै नाम छुटेको छ । उदाहरणका लागि, मंगल मा.वि. को स्थापनार्थ प्रमुख रूपले योगदान दिने व्यक्तिहरू, जो कीर्तिपुरबासीको जन-जिब्रोमा ताजै छन्, तिनको नाम समेत लेखकले छुटाएका छन् । म आफै तीन ओटा विद्यालयसँग प्रत्यक्ष सम्बन्धित भएको हुँदा केही तथ्य प्रस्तुत गर्न चाहन्छु । (१) जल विनायक आधार स्कूलको स्थापना वि.सं. २००४ साउन ३ गते भएको हो । (२) कीर्तिपुर हाइ स्कूलको स्थापना कहाँ गर्ने भनी मनोमालिन्य भएको भन्ने अभिव्यक्ति भ्रमपूर्ण छ; वास्तवमा वि.सं. २०२५ मा पाँगामा जनसेवा प्रौढ स्कूल सञ्चालन भइराखेको हुँदा कीर्तिपुरमा हाइ स्कूलको स्थापनाबारे विवाद थिएन । साथै, कीर्तिपुर हाइ स्कूलको प्र.अ. को नाम पनि पदमप्रसाद र पदमकुमार भनी दुई थरी उल्लेख गरेको पाइन्छ; खासमा उनको नाम पद्मकुमार आचार्य हो । (३) मंगल रा.प्रा.वि. कुटुझोलबाट वि.सं. २०१९ मैं चिलन्चो बहालको पाटीमा सरिसकेको घटनालाई कहीँ २०२१ त कहीँ २०२३ मा सारिएको भनी गलत लेखिएको छ । वास्तवमा, वि.सं. २०१९ मै चिलन्चोमा सारी २०२३ सालमा चिठूस्थित बहीमा केही समयको लागि स्थानान्तरण गरी पुनः हालको भवनमा नसर्दासम्म चिलन्चोमा नै पठनपाठन गरिएको थियो ।

कसैले नगरेको कठिन काम भवेश्वर पंगेनीज्यूबाट शुरू भएको कुरालाई सराहना गर्नुपर्छ । आगामी संस्करणमा सो पुस्तकलाई स्थानीय शिक्षाप्रेमीको संलग्नतामा पुनर्लेखन गर्न सकेमा कीर्तिपुरको शैक्षिक इतिहास सम्बन्धी अझ बढी तथ्यपरक विवरण पस्किन सकिने देखिन्छ । प्रस्तुत विवरणलाई विश्लेषण र व्याख्या गरिदिएको भए यो पुस्तक कुनै विद्यालय वा कलेज विशेषको मात्र नभएर कीर्तिपुरका जनताको पनि हुने थियो । जस्तै, कीर्तिपुरका जनताको त्यति बेलाको आर्थिक, सामाजिक, र राजनीतिक अवस्था र चेतना

कस्तो थियो ? कीर्तिपुरका विभिन्न जाति र नेवार भित्रकै जातमा पनि कस्तो शैक्षिक असमानता थिए ? र, समग्रमा कीर्तिपुरको शिक्षाको इतिहास नेपालको शैक्षिक इतिहासमा कहाँ अवस्थित थियो भनेर विश्लेषण गर्न सकेको भए यसले अझ बढी महत्त्व राख्थ्यो ।

**रामकृष्ण महर्जन**
त्रिभुवन विश्वविद्यालय